ईन्द्रावती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
नवलपुर, सिन्धुपाल्चोक
३ नं प्रदेश, नेपाल

प.सं. : ०७५/०७६
च.नं. : ६२०

## सेवा करारमा शिक्षक नियुक्ति गर्ने सम्बन्धी

दोश्रो पटक प्रकाशित मिति: २०७५/०७/१५

यस ईन्द्रावती गाउँपालिका अन्तर्गतका सामूदायिक विद्यालयहरूमा सेवा करारमा शिक्षकको नियुक्ति गर्नुपर्ने भएकोले प्रथम पटक सूचना प्रकाशन गर्दा पेश हुन आवेदनहरू नपुग भएको हुंदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट देहायका पदमा दरखास्त आवेदन पुन: आव्हान गरिएको छ।

**माग गरिएको पद:**

| सि.न. | विज्ञापन नं. | पद | आवश्यक संख्या |
|---|---|---|---|
| १ | ८/२०७५-०७६ | माध्यमिक तह (८- १०) | ११ जना (गणित ३, विज्ञान४, अंग्रेजी ४) |

- **न्यूनतम शैक्षिक योग्यता:**
  (क) माध्यमिक तह (८ - १०): मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ। माथिल्लो तहको योग्यता हासिल गरेको उम्मेदवारलाई प्राथमिकता दिईनेछ। तर कार्यरत शिक्षकको हकमा आवेदन पेश गर्दा विषय खुलाउनुका साथै सम्बन्धित विद्यालयको सेवा प्रमाणितको पत्र अनिवार्य पेश गर्नुपर्नेछ।
- **आवेदन दिनुपर्ने अन्तिम मिति:** २०७५/०७/२९ (सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र।
- **आवेदन बुझाउने स्थान:** ईन्द्रावती गाउँ कार्यपालिका, शिक्षा शाखा, नवलपुर।
- **आवश्यक कागजात:**
  (क) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
  (ख) नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
  (ग) स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि (भएमा मात्र) अन्यथा स्थायी अध्यापन अनुमति पत्र नभएता पनि एक पटकका लागि शिक्षक सेवा आयोगले अध्यापन अनुमति पत्रको परीक्षा संचालन गरी नतिजा प्रकाशन गरे पश्चात स्थायी अध्यापन अनुमति पत्र पेश गर्ने शर्तमा आवेदन दिन सकिनेछ।
- **फाराम दस्तुर:** माध्यमिक तह (८- १०) तहको लागि रू ७००/- गाउँपालिकाको मेगा बैंक नेपाल लिमिटेड, नवलपुर स्थित हिसाव खाता नं. १०००01000८५२७ मा जम्मा गरी भौचर फाराम साथ बुझाउनु पर्नेछ।
- **दरखास्त फाराम:** शिक्षक सेवा आयोगको ढाँचामा दरखास्त फाराम भरी गाउंपालिकाको शिक्षा शाखामा तोकिएको अवधीभित्र बुझाउनु पर्नेछ।
- **तलव स्केल:** गाउंपालिकाद्धारा सेवा करार सम्झौतामा तोकिए बमोजिम हुनेछ।
- **काम गर्नुपर्ने विद्यालय:** गाउँपालिका अन्तर्गतका सामूदायिक विद्यालयहरू।

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत